# बसाई अवधि थप्ने कारणले कार्डको वैधता अवधि परिवर्तन गर्न

जापानमा बस्नको लागी बसोबास अवधि भएका विदेशी नागरिकहरुको लागि माई नम्बर कार्डको बैधता अवधि पनि आफ्नो निवास कार्ड (जाइरियु कार्ड) मा लेखिएको मिति सम्मको मात्रै हुन्छ। यदि तपाईंले आफ्नो बसाई अवधि थप्नुभयो र नयाँ निवास कार्ड (जाइरियु कार्ड) प्राप्त गर्नुभएको खण्डमा, आफ्नो माई नम्बर कार्डको म्याद अवधि थप्न सक्नुहुन्छ।

※तपाईंले आफ्नो निवास कार्ड (जाइरियु कार्ड) नवीकरण गरे पनि, माई नम्बर कार्डको वैधता अवधि स्वचालित रुपमा परिवर्तन भने हुनेछैन।

※तपाईंको माई नम्बर कार्डको वैधता अवधि भने, कार्ड जारी भएको मितिबाट बढीमा १० औं पटकको (कार्ड जारी गर्दा नाबालिग भएकाहरूका लागि भने,पाँचौं पटक) जन्मदिन सम्म मात्र थप्न सकिन्छ।

※आफ्नो माई नम्बर कार्डको वैधता अवधि भित्रमा म्याद थपको लागी प्रक्रिया पूरा गर्नुभएन भने, माई नम्बर कार्डको म्याद समाप्त हुनेछ। यदि म्याद सकियो भने, पुनः जारी गर्नको लागी शुल्क लाग्नेछ।

※आफ्नो नयाँ निवास कार्ड (जाइरियु कार्ड) प्राप्त गरेको दिनमा माई नम्बर कार्डको वैधता अवधि बढाउन सकिने छैन। नयाँ निवास कार्ड (जाइरियु कार्ड) प्राप्त गरेको भोलिपल्ट मात्रै बनाउन जानुहोस।

**●आबेदन प्रक्रिया गर्न जाने स्थान**

आफु बसोबास गरेको वार्डको वडा कार्यालय वा सामान्य शाखा कार्यालय

※माई नम्बर कार्ड विशेष केन्द्र (आएरु २४ औं तल्ला) बाट भने आवेदन दिन मिल्दैन।

**●लिएर जानुपर्ने आवश्यक कुराहरु**

○आफ्नो कार्डको लागि प्रक्रिया गर्नुपरेमा

1. निवास कार्ड (जाइरियु कार्ड) (अद्यावधिक गरिएको नयाँ)
2. माई नम्बर कार्ड

※चार-अङ्कको पिन नम्बर (आधारभूत निवासी रजिस्टरमा दर्ता भएको) प्रविष्ट गर्नुपर्ने आवश्यक पर्छ।

○एउटै घरपरिवारका सदश्यको कार्डको लागि प्रक्रिया गर्नुपरेमा

1. कार्ड बनाउनुपर्ने व्यक्तिको माई नम्बर कार्ड
2. कार्ड बनाउनुपर्ने व्यक्तिको निवास कार्ड (जाइरियु कार्ड) (अद्यावधिक गरिएको नयाँ)
3. प्रतिनिधि व्यक्तिको आफ्नो पहिचान जनाउने कागजातहरू जस्तैः (निवास कार्ड (जाइरियु कार्ड), विशेष स्थायी बासिन्दा प्रमाणपत्र, माई नम्बर कार्ड, आवासीय आधारभूत कार्ड, चालक अनुमतिपत्र, राहदानी, आदि)

※कार्ड बनाउनुपर्ने व्यक्तिको पहिले माई नम्बर कार्डमा सेट गरिएको चार-अङ्कको पिन नम्बर नयाँमा फेरि प्रविष्ट गर्न सक्ने खण्डमा मात्र प्रक्रिया पूरा गर्न सकिन्छ।

**●बसाई अवधि नबिकरण अनुमतिको लागि आवेदन गरिरहेको र नयाँ निवास कार्ड (जाइरियु कार्ड) अझै प्राप्त नगरेको खण्डमा**

आफ्नो माई नम्बर कार्डको म्याद सकिनु अगाडी नै, यदि तपाइँको बसोबास योग्यता (जाइर्यु सिकाकु) परिवर्तन गर्न वा बसाई अवधि नबिकरण गर्नको लागि अनुमति दिएको छैन भने, तपाईको माई नम्बर कार्डको वैधता अवधि विशेष परिस्थितिको कारण दुई महिना थप गर्न सकिन्छ। हाल, बसाई अवधि परिवर्तन गर्न अनुमति को लागी आवेदन गरिरहेको अवस्था देखाउने तलको निम्न लिखितकुराहरु लिएर जानुहोस।

・निवास कार्डको पछाडि भाग दायाँपट्टिको तल रहेको「बसाई अवधि नबिकरण गर्न अनुमतिको लागि आवेदन कोलम」मा「बसोबास योग्यता (जाइर्यु सिकाकु) नवीकरण गर्न अनुमतिको लागि आवेदन गर्ने प्रकृयामा रहेको」भनि लेखिएको ठाउँमा छाप (हान्को) हानेको हुनुपर्ने

・अनलाइनबाट बसाई अवधि परिवर्तन गर्न अनुमतिको लागि आवेदन गर्दा भने, प्रक्रिया पूरा भएको जनाउने इमेलको फोटोकपि गरि त्यसको प्रतिलिपि लिएर जानुपर्ने

※प्रशासनिक लेखनदास (ग्योसेस्योसी) इत्यादि द्वारा कागजी प्रक्रिया गर्न लगाएको भएमा निक्षेपको रसिद आदि प्रयोग गरेर भने आबेदन प्रक्रिया गर्न मिल्नेछैन।